कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०८/१० गते खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, काठमाडौंमा प्राप्त भएका उजुरी/गुनासो सम्बोधन गर्ने क्रममा उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलहरूमा निरीक्षण तथा अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | श्रीनेस हस्पिटालिटी, Timeline College Canteen, गोकर्णेश्वर | • सरसफाई सामान्य रहेको<br>• भान्सा कोठाको डष्टविन खुल्ला र अव्यवस्थित रहेको<br>• तयारी खाद्य पदार्थको भण्डारण अव्यवस्थित रहेको<br>• छानाको रंग निस्किएको अवस्थामा पाइएको<br>• Exhaust fan को व्यवस्था सन्तोषजनक नभएको<br>• लेबल विवरण उल्लेख नभएका पाउरोटी र मेयोनेज (Mayonnaise) पाइएको। | • लेबल विवरण उल्लेख नभएका आठ थान पाउरोटी र पाँच थान मेयोनेज (Mayonnaise) नष्ट गरिएको<br>• देखिएको कैफियतहरू सुधार गरी खाद्य स्वच्छता कायम गर्ने<br>• भाँडा धुने ठाउँ छुट्टै र व्यवस्थित बनाउने<br>• Exhaust fan को व्यवस्था थप प्रभावकारी बनाई तयारी खाद्य पदार्थ छोपेर मात्र भण्डारण गर्ने<br>• पूर्ण रूपमा लेबल विवरण उल्लेख भई खाद्य अनुमतिपत्र लिएको उद्योगबाट उत्पादित प्रशोधित खाद्य पदार्थको मात्र प्रयोग गर्ने निर्देशन दिएको। |

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/०८/१२

# अनुगमनका केही झलकहरू







